# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः

च. नं.:

मितिः २०७७/०७/०३

**विषयः** सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरको पत्र संख्या ०७७/७८, मिति २०७७/०७/०१ मा जारी गरिएको सूचनामा "काठमाडौं उपत्यकामा कोभिड १९ को संक्रमणको दर अत्याधिक बढिरहेको अवस्थामा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुमा सेवाग्राहीहरुको भीडभाड अत्याधिक भई संक्रमण सेवाग्राहीहरुमा समेत फैलन सक्ने उच्च जोखिम रहेका कारण कोभिड १९ को संक्रमणले भयावह रुप लिन सक्ने अवस्थालाई मध्येनजर गरी जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र, सरोकारवाला निकाय, स्वास्थ्य विज्ञ, सुरक्षा निकाय समेतसँगको छलफल, परामर्श एवम् निष्कर्षका आधारमा मिति २०७७/०७/०२ गतेबाट अर्को सूचना नभएसम्मका लागि यस जिल्ला भित्र अत्यावश्यक सेवाहरु बहेकका अन्य सेवा प्रवाह स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट सेवाग्राही महानुभावहरुमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौं ।" भनी उल्लेख भएको ।

सो सन्दर्भमा आयोगमा कार्यरत केही कर्मचारीहरुलाई कोरोना भाइरस **(COVID 19)** को संक्रमण पुष्टि भएको छ । अतः भोलि २०७७/०७/०४ गतेदेखि २०७७/०७/०६ गतेसम्म कार्यालयको सेवा पूर्ण रुपमा बन्द रहने र पुनः अर्को सूचना जारी नभएको अवस्थामा २०७७/०७/१२ मा कार्यालय खुल्ने व्यहोरा आदेशानुसार जानकारी गराइन्छ ।

साथै घरबाट अनलाईन मार्फत हुने कामहरु यथावत रुपमा सञ्चालन गरिनेछन् ।

(सुवासचन्द्र ढुंगेल)
प्रमुख प्रशासकीय अधिकृत

सानोठिमी, भक्तपुर, फोनः ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल